# बार्षिक प्रगती समिक्षा प्रतिवेदन

## आ.व. २०८१।०८२

### १२ भाद्र २०८२

जैमिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुश्मिसेरा, बाग्लुङ

गण्डकी प्रदेश, नेपाल

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा बागलुङ
२०७३

**पृष्ठभुमी-**

जैमिनी नगरपालिकाको आर्थीक वर्ष २०८१।०८२ को वार्षिक प्रगती समिक्षा बैठक मिति २०८२।०५।१२ गते जैमिनी नगरपालिका वडा नं. १ को सभाहलमा सम्पन्न गरियो।

नगर प्रमुख नर बहादुर पुनको अध्यक्षतामा सम्पन्न भएको उक्त बैठकमा नगर उप-प्रमुख हरिहर शर्मा, प्रमुख प्रशासकिय अधिकृत श्रीकृष्ण पौडेल, वडा अध्यक्ष एंव कार्यपालिका सदस्यहरु र नगरपालिकाका सबै शाखा प्रमुख तथा अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन तथा सहजिकरण नगरपालिकाका प्रशासकिय अधिकृत प्रेम प्रसाद सापकोटाबाट भएको थियो। नगरपालिकाको समग्र प्रगतीको साराशं योजना शाखा प्रमुखबाट प्रस्तुत भई शुरु गरिएको उक्त बैठकमा प्राविधीक शाखा, वन वातावरण तथा विपद व्यवस्थापन शाखा, शिक्षा तथा बालमैत्री शाखा, आर्थिक प्रशासन शाखा, राजश्व शाखा, प्रशासन शाखा, जिन्सी शाखा, कृषि तथा पशु विकास शाखा, सामाजिक विकास शाखा, स्वास्थ्य शाखा, आयुर्वेद शाखा, पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा, रोजगार सेवा केन्द्र तथा सुरक्षित आप्रवाशन कार्यक्रम, न्यायिक समिति लगायतका शाखा प्रमुखहरुबाट आ.व. २०८१।०८२ को वार्षिक लक्ष्य र प्रगती, प्रमुख उपलब्धी, चुनौती र सुझावहरु समेटी तयार गरिएको प्रतिवेदन प्रस्तुत भई छलफल गरिएको थियो। छलफलको क्रममा उठेका जिज्ञासा, सवाल र सुझावहरु माथी विस्तृत छलफल भई आगामी कार्यक्रम कार्यान्वयनमा लागु गर्दै जाने निश्कर्ष निकालियो।

कार्यक्रमको अन्त्यमा प्रमुख प्रशासकिय अधिकृतबाट वार्षिक प्रगती समिक्षाले उठाएका विषयवस्तुलाई क्रमशः कार्यान्वयनमा लैजाने प्रतिवद्धा व्यक्त गर्नुभयो भने नगर प्रमुख नर बहादुर पुनले उपस्थित सहभागीहरुलाई धन्यवाद दिँदै समिक्षाले आगामी दिनको योजना निर्माणमा महत्वपूर्ण सिकाई भएको र प्राप्त सुझाव कार्यान्वयनमा पहल गर्न सरोकारवाला सबै पक्षहरुलाई अनुरोध गर्दै बैठकको समापन गर्नुभयो।

**आ.व. २०८१।८२ को वार्षिक प्रगतीको साराश:-**

आर्थिक बर्ष ०८१/८२ को बार्षिक अवधिमा जैमिनी नगरपालिका नगरसभा तथा कार्यपालिकाको वैठककबाट निर्णय भई छनौट भएका निशर्त तथा सशर्त अनुदान तर्फ स्विकृत जम्मा योजना तथा कार्यक्रमको संख्या ५३७ मध्ये पूर्वाधार विकास तर्फ १८७, आर्थिक विकास तर्फ ७६, सामाजिक विकास तर्फ २३७, सुशासन तथा संस्थागत विकास तर्फ २० र वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ १६ वटा रहेका छन।

उल्लेखित ५३७ योजना कार्यक्रम मध्ये २८१ योजना/कार्यक्रमको भौतिक प्रगति १०० प्रतिशत, २१९ वटा योजना/कार्यक्रमको औषत भौतिक प्रगति ८२ प्रतिशत र ३९ वटा योजना/कार्यक्रम कार्यान्वियन हुन नसकि शून्य प्रतिशत प्रगति देखिएको छ। जम्मा योजना/कार्यक्रमको संख्या ५३७ मध्ये निशर्त तर्फका ४४४ वटा योजना/कार्यक्रमहरुको तुलना गर्दा पूर्वाधार विकास तर्फ १६६ वटा योजनाको भौतिक प्रगति ९५ प्रतिशत र वित्तिय ९४ प्रतिशत, सामाजिक विकास तर्फका १८६ योजना/कार्यक्रमको भौतिक प्रगति ८३ प्रतिशत र वित्तिय प्रगति ८३ प्रतिशत, आर्थिक विकास तर्फका ५६ वटा योजना/कार्यक्रमको भौतिक प्रगति ६४ प्रतिशत र वित्तिय प्रगति ६४ प्रतिशत, सुशासन तथा संस्थागत विकास तर्फका २० वटा कार्यक्रमको भौतिक प्रगति ७८ प्रतिशत र वित्तिय प्रगति ७८ प्रतिशत र वन, वातावरण र विपद व्यवस्थापन तर्फका १६ वटा योजना/कार्यक्रमको भौतिक प्रगति ६७ प्रतिशत र वित्तिय प्रगति ६७ प्रतिशत रहेको छ। उपरोक्त ५ वटा विषयगत क्षेत्रको समग्र भौतिक प्रगति ८६ र वित्तिय प्रगति ८५ प्रतिशत रहेको छ।

यसैगरी सशर्त अनुदान तर्फ सञ्चालित ९२ वटा योजना/कार्यक्रमहरु मध्ये सामाजिक विकास तर्फका ५१ वटा योजना/कार्यक्रमको भौतिक प्रगति ९० प्रतिशत र वित्तिय प्रगति ९० प्रतिशत, पूर्वाधार विकास तर्फ २१ वटा योजनाको भौतिक प्रगति ५१ प्रतिशत र वित्तिय ५१ प्रतिशत, . आर्थिक विकास तर्फका २० वटा योजना/कार्यक्रमको भौतिक प्रगति ८१ प्रतिशत र वित्तिय प्रगति ८१ प्रतिशत प्रगती रहेको छ। उपरोक्त ३ वटा विषयगत क्षेत्रको समग्र भौतिक प्रगति ७५ र वित्तिय प्रगति ७५ प्रतिशत रहेको छ। बहुबर्षयि ठेक्कामा रहेको नगरपालकिाको प्रशासकीय भवनको भौतिक प्रगति ५२ प्रतिशत र वित्तिय प्रगति ५२ प्रतशित रहेको छ।

निशर्त र सशर्त अनुदान दुवै तर्फ संचालित आयोजना तथा कार्यक्रमको कुल भौतिक प्रगति ८० प्रतिशत र वित्तिय प्रगति ७९ प्रतिशत रहेको छ।

समग्रमा जैमनि नगरपालकिाको चालु तर्फ ८९.८९ प्रतिशत र पुँजिगत तर्फ ६३.१२ प्रतिशत खर्च भई कुल जम्मा खर्च ८१.५६ प्रतिशत रहेको छ।

**विषयक्षेत्रगत प्रगती तथा उपलब्धी:-**

**आ.व. ०८१/०८२ को बजेट निकासा तथा खर्चको प्रगति विवरण:-**

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको
कुश्मीसेरा बागलुङ
२०७३

| क्र.स | शिर्षक | आ.व. ०८१/०८२ को | | | | आ.व. ०८२/०८३ को प्रस्तावित/स्वीकृत आय |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावित आय | यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत | |
| १ | कुल पुंजिगत बजेट | २२,८५,८४,२११.७३ | ६५,३८,७४,५४७.२५ | १४,४२,९३,८५६.३९ | ६३.१२ | ७५,०४,००,००० |
| २ | कुल चालु बजेट | ५०,५९,६९,०१२.९८ | | ४५,४७,८५,०२९.६५ | ८९.८८ | |
| ३ | कुल जम्मा बजेट | ७३,४५,५३,२२४.७१ | ६५,३८,७४,५४७.२५ | ५९,९०,७८,८८६.०४ | ८१.५५ | |

संघ सरकारबाट प्राप्त आय र खर्च प्रगति विवरण

| क्र.स. | शिर्षक | आ.व. ०८१/०८२ को | | | | आ.व. ०८२/०८३ को प्रस्तावित/स्वीकृत आय |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावित आय | यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत | |
| १ | वित्तिय समानिकरण अनुदान | १०,८९,००,००० | ९,९९,२६,६४० | ७,८१,८५,७३७.३६ | ७१.८ | ११,१०,००,००० |
| २ | शसर्त अनुदान चालु | ३९,०१,६५,००० | ३५,३१,८९,१३५.५८ | ३५,३१,८९,१३५.५८ | ९०.५२ | ४३,४१,००,००० |
| ३ | शसर्त अनुदान पूँजिगत | १,९८,००,००० | १,२१,९१,९१७ | १२१,९१,९१७ | ६१.५८ | - |
| ४ | विशेष अनुदान | - | - | - | | १,३०,००,००० |
| ५ | समपुरक अनुदान | १,००,००,००० | ५७,७९,०६३ | ५७,७९,०६३ | ५७.७९ | ९७,००,००० |
| ६ | राजश्व बाँडफाँड | १०,५७,००,००० | ९,४५,२२,२३७.९८ | ८,६३,५६,६१५ | ८१.७ | ८,८३,००,००० |
| जम्मा | | ६३४५६५००० | ५६५६०८९९४ | ५३५७०२४६८ | ८४.४२ | ६५,६१,००,००० |

प्रदेश सरकारबाट प्राप्त आय र खर्च प्रगति विवरण

| क्र.स. | शिर्षक | आ.व. ०८१/०८२ को | | | | आ.व. ०८२/०८३ को प्रस्तावित/स्वीकृत आय |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावित आय | यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत | |
| १ | वित्तिय समानिकरण अनुदान | १४५४६००० | १४५४६००० | १०४४६९१९.६९ | ७२ | १,४४,३३,००० |
| २ | शसर्त अनुदान चालु | - | - | - | | - |
| ३ | शसर्त अनुदान पूँजिगत | - | | - | | - |

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा बागलुङ
२०७२

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | विशेष अनुदान | - | - | - | | ४०,००,००० |
| ५ | समपुरक अनुदान | १०००००० | ५००७५२९.३४ | ५००७५२९.३४ | ५० | ६०,००,००० |
| ६ | राजश्व बाँडफाँड | ८२११००० | ४७६४४४७.१३ | ४५४०८९९ | ५५ | १,०१,४०,००० |
| जम्मा | | ३२७५७०००. | २४३१७९७६.४७ | १९९९५३४८.०३ | ६१.०४ | ३,४५,७३,००० |

जैमिनी नगरपालिकाको आन्तरिक आय र प्रगती प्रतिशत

| क्र.सं. | विवरण | २०८११०८२ को प्रस्तावित आय | २०८११०८२ को यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत | २०८२१०८३ को अनुमानित आय |
|---|---|---|---|---|---|---|
| १ | गत आ.व. को मौज्दात | ४,८६,३१,२२४ | ४,८६,३१,२२४ | ४,८६,३१,२२४ | ७८.१४ | ३,६५,२७,००० |
| २ | आन्तरिक आय | १,३६,००,००० | १,२३,९५,९६६ | | | १,७२,००,००० |

आ.व. २०८११८२ को क्षेत्रगत प्रगती विवरण (शसर्त र निशर्त समेत)

| क्र.सं. | विषय क्षेत्र | संचालिय योजना/कार्यक्रम संख्या |
|---|---|---|
| १ | सामाजिक बिकास | २३७ |
| २ | पूर्वाधार बिकास | १८७ |
| ३ | वन तथा वातावरण | १६ |
| ४ | आर्थिक बिकास | ७६ |
| ५ | सुशासन तथा संस्थागत बिकास | २० |
| | जम्मा | ५३६ |

आ व २०८११०८२ मा सम्पादन गरिएका पुर्वाधार तर्फको मुख्य उपलब्धीहरु

| विवरण | कामको प्रकृती | इकाई | परिमाण | मुल्याङ्कन रकम | खर्च भएको अनुदान | सहभागिता |
|---|---|---|---|---|---|---|
| सडक | नयाँ ट्र्याक | कि.मि. | ८ | ६६९४४१४ | ६०६२२८२ | ६३२१३२ |
| | मर्मत | कि.मि. | ११० | ९३८१८३२ | ८५५३९५५ | ८२७८७७ |
| | ग्याबिन | घ.मि. | २१८३ | ९१४८११२ | ८५८११९२ | ५६६९२० |
| | पक्की नाली | मि | १८९५ | ३९८९९३१ | ३८१८७७० | १७११६१ |
| | कच्ची नाली | मि | १२४२ | ६११३१ | ५४०८४ | ७०४७ |
| | ढलान | मि | ४८८ | ९१४२१३८ | ८४७२१९१ | ६६९९४८ |
| | कालोपत्रे | मि | १००८ | ९८११५०० | ९८११५०० | ० |
| | सोलिङ | घ.मि. | ४३४ | १०४३८५७ | ९६६९४७ | ७६९१० |
| | टेवा पर्खाल/प्लम कङ्क्रिट | घ.मि. | ११७१ | ८९६२३१३ | ८७२८९८१ | २३३३३२ |
| | ग्राभेल | मि | ५४५९ | २३४८९६९ | २१९८३५४ | १५०६१५ |
| सिंचाई | पक्की नाली | मि | ११२४ | २५१४२२१ | २२४६४१५ | २६७८०५ |
| | कच्ची नाली | मि | ४२० | १४५०७० | १२४१४१ | २०९२९ |
| | पाइप | संख्या | १९५४ | ४९२२३३ | ४४३८५७ | ४८३७६ |
| | पोखरी निर्माण | मि | ६ | ९१८८९२ | ८१५९३० | १०२९६३ |
| भवन | नयाँ | संख्या | ८ | १६८०४०१६ | १६६०७१४० | १९६८७६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भवन मर्मत | संख्या | ३२ | ५२९६९६१ | ४९२३३८६ | ३७३५७५ |
| | भवन तारबार | मि | ४५९ | १८१५८३७ | १६७२७२७ | १४३१११ |
| पदमार्ग | पि.सि.सी ढलान | मि | ७२८ | २३६४२३७ | २११५१७८ | २४९०५९ |
| | नयाँ | मि | २०५४ | ३९४७१४१ | ३५११३६५ | ४३५७७६ |
| | मर्मत | मि | ६७२ | ३०१९१८ | २६८४१४ | ३३५०४ |
| खानेपानी | मुहान | संख्या | १७ | ७५६४१५ | ६४३२९४ | ११३१२२ |
| | रिजर्भभायर ट्याङ्की | संख्या | ११ | १३५३९५६ | ११२८२३३ | २२५७२३ |
| | पाइपलाईन | मि | १६०९८ | ११४०९७२ | ९६३२५४ | १७७७१८ |
| | धारा निर्माण | संख्या | १०२ | ७७६८७३ | ६४७००० | १२९८७३ |
| | धारा मर्मत | संख्या | १० | ६०२५३५ | ५४३०५२ | ५९४८३ |
| खेलमैदान | नयाँ | संख्या | ३ | २२३३१७८ | १९११९३१ | ३२१२४६ |
| | मर्मत | संख्या | २ | २८४२५८ | २५६०७८ | २८१८० |
| शौचालय | नयाँ | संख्या | ६ | १४५९५२८ | १४३०४५२ | २९०७७ |
| | मर्मत | संख्या | ९ | १०१४९११ | ९१२३०७ | १०२६०४ |
| मन्दिर | नयाँ | संख्या | १ | ३५७१९५ | ३५७१९५ | ० |
| | मर्मत | संख्या | ६ | २७७७८५२ | २७२५५५५ | ५२२९६ |
| उर्जा | अर्थिङ | संख्या | १ | २४३३५० | २४३३५० | ० |
| विविध | विविध(प्रतिक्षालय, स्टेज, ग्याविन वाल आदी) | संख्या | १६ | २४५१४७८ | २१९०४२० | २६१०५८ |
| | ग्याबिन बक्स | संख्या | १२२ | ३९२५५४ | ३९२५५४ | ० |
| जम्मा | | | | १११०२९७७५ | १०४३२१४८२ | ६७०८२९३ |

**जैमिनी नगरपालिकाबाट शशर्त तथा निशर्त तर्फ गैर पूर्वाधार क्षेत्रमा सञ्चालित सबै कार्यक्रमहरुको समष्टीगत प्रगति**

| क्र.सं. | सम्पादित कार्यक्रमको विषय क्षेत्र | सञ्चालित कार्यक्रम संख्या | खर्च रकम रु. | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १ | शिक्षा (कार्यक्रम तर्फ) | ४० | ३,५२,०९,६९६ | ५००० |

**उपलब्धीहरु**

- प्रयोगात्मक अभ्यासवाट प्रभावकारी सिकाइ
- व्यवस्थित परिक्षा संचालन र मुल्याङ्कन प्रणालीमा सुधार
- Real Plan कार्यान्वयनमा सहजता भएको
- सेनिटरी प्याड, छात्रावृत्ती वितरणले नियमितता बढेको
- शिक्षक विद्यार्थी र सिकाई उप्रेरणामा वृद्धि भएको
- लिड विद्यालय व्यवस्थापन तथा सञ्चालन
- विद्यार्थीको वसाई व्यवस्थापन , पिउनेपानी उपलब्धता , दिवा खाजा व्यवस्थापनमा सुधार
- शैक्षिक सामाग्रीको प्रयोग, शिक्षकको क्षमता अभिवृद्धि सुचना र सञ्चारको प्रयोग
- शिक्षण सिकाइमा सरलता , तथ्याङ्कको सहज उपलब्धता
- प्राविधीक धार विद्यालय सञ्चालन
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण र कार्यान्वयन

| | | | | |
|---|---|---|---|---|
| २ | बालमैत्री स्थानीय शासन कार्यक्रम | २७ | ४५,९४,७७६ | ६००० |

उपलब्धीहरु

- सरोकारवालाहरुको बालमैत्री अवधारणा प्रतिको सकरात्मक दृष्टीकोण र क्षमता विकास
- क्षमता विकास
- जिम्मेवारी र भुमिका स्पष्ट हुदै गएको
- बालबालिकाको पञ्चवर्षिय आवधिक लगानी योजना तयार भएको
- बालसमुह सञ्जालहरु गठन पुनर्गठन तथा सक्रिय रहेको
- ११ विद्यालयहरूमा बालमैत्री धारा र शौचालय मर्मत
- समितिहरुमा बालसहभागिता सुनिश्चित भएको
- बालसमुह संजालहरुको क्षमता विकास
- अतिरिक्त क्रियाकलापमा सक्रियता देखिएको
- बालकोष स्थापना|स्तनपान कक्ष व्यवस्थापन
- समन्वय संजाल निर्माण

| | | | | |
|---|---|---|---|---|
| ३ | **कृषि तथा पशु विकास कार्यक्रम तर्फ** | ५२ | १,१७,८४,२०५ | १३००० |

उपलब्धीहरु

- कृषकहरूमा ज्ञान र सिपको विकास तथा व्यवाहारिक ज्ञानको प्रयोग
- घाँसको व्यवस्थापन तथा दुध र मासु उत्मादनमा वृद्धि
- माटोको नमुना परीक्षण
- तरकारीहरु, मसलाबाली, डालेघाँसहरुको उत्पानमा तथा उत्पादक्तवमा वृद्धि
- पशु बन्ध्याकरण मार्फत मासु उत्पादनमा वृद्धि
- १६०६ किसान सूचिकृत गरिएको
- कृषि एम्बुलेन्स खरिद

| | | | | |
|---|---|---|---|---|
| ४ | **स्वास्थ्य क्षेत्र (एलोपेथिक तथा आयुर्वेदिक)** | ४३ | ६८,५९,५८८ | २१००० |

उपलब्धीहरु

- आयुर्वेद बारे जनचेतनाको बिकास
- आयुर्वेदिक औषधी सेवा उपलब्धता
- प्रसुतिको अबस्थामा प्रसुतिको लागि थप यातायात खर्च व्यवस्थापन बाट गर्भवति को जीवनरक्षा भएको
- स्वास्थ्यकर्मि बाट समुदाय स्तरमा स्वास्थ्य परिक्षण गरि २००३ रोगीहरु स्वास्थ्य सेवा बाट लाभन्वित
- आकस्मिक अबस्थामा एम्बुलेन्सबाट उपलब्धता
- १० जना क्षयरोगी पत्ता लगाई उपचारमा रहेका
- ३१४६४ जना बिरामीले स्वास्थ्य संस्थामा नयाँ दर्त्ता भई उपचार लिएका
- गाँउधर क्लिनिक बाट ५०५६ लाभन्वित
- १८९७ जनाले खोप खोप सेवा लिएका
- मृगौला प्रत्यारोपण क्यान्सर डालाईसिस र स्पाईनल ईन्जुरीका ६७ जनाले मासिक रु ५०००। उपचार खर्च प्राप्त गरेको

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको
कुश्मीशेरा

- जैमिनी विपन्न नागरिक स्वास्थ्य उपचार कोष निरन्तरता
- समुदाय तहमा योग अभ्यासको महत्व र व्यवहारिक प्रयोग बढेको
- ७८ जना गर्भवती आमाले पालिका भित्र रहेका वर्थिङ सेन्टरबाट सेवा लिएकास्तनपायी आमा र जेष्ठ नागरिकको स्वास्थ्य प्रबर्धन भएको ।
- ६१ जनाले बिपन्नताको सिफारिस बमोजिम रु १०००००। बराबरको उपचार प्राप्त गरेका
- मातृ तथा नबशिशु मृत्यु शुन्यमा कायम रहनु
- पूर्णखोप शुनिश्चितता दिगोपना नगरपालिका कायम रहेको
-

| | | | | |
|---|---|---|---|---|
| ५ | **आयमुलक सिपमुलक/शसक्तिकरण एंव लै.स.सा.स क्षेत्र** | २४ | ४०४५९२६ | १२०० |

**उपलब्धीहरु:-**

- आम्दानी वृद्धिमा सहयोग
- समयको सदुपयोग
- रोजगारीको सिर्जना
- क्षमता अभिवृद्धि
- चेनताको विकास
- ज्ञान र सिपको अभिवृद्धि
  पहुँच अभिवृद्धि
- सकारात्मक सोचको विकास
- स्थानीय स्तरमा हुने उजुरीहरुको मेलमिलापका माध्यामबाट समाधान गर्नमा सहजता ।
- जातिय विभेद सम्बन्धि चेतनाको विकासलैङ्गिक हिम्सा विरुद्धको अधियानमा सहयोग
- दलित जनजातीहरुको क्षमता अभिवृद्धि र लोकसेवामा सफलता ।
- समान भावनाको विकास अधिकारको खोजी

| | | | | |
|---|---|---|---|---|
| ६ | **खरका छाना विस्थापन कार्यक्रम/घर विहिनहरुका लागि आवास निर्माण कार्यक्रम** | २३ | ३१६९१५९ | ११० |

**उपलब्धीहरु:-**

- १५ घर टिनका छानाद्धरा निर्माण
- ८ घर आवाश निर्माण ।

| | | | | |
|---|---|---|---|---|
| ७ | **शुसासन प्रवर्धन कार्यक्रम** | ११ | २५८३०६६ | १००० |

**उपलब्धीहरु:-**

- समयमै स्वीकृत कार्यक्रम कार्यन्वयनमा सहजता
- सम्पादित कार्यहरूको प्रचारप्रसार तथा पृष्ठपोषण प्राप्ती
- जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास
- सम्पादित कार्यहरू भएको खर्च र उपल्ब्धीहरूको सार्वजनिक परीक्षण तथा पृष्ठपोषण
- कार्यालयको दरबन्दी पुनरावलोकन तथा कर्मचारी व्यवस्थापन

**आन्तरिक आय प्रर्वद्धनका लागि गरिएका प्रयासहरु:-**

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा बाग्लुङ

१. राजश्व सुधार रणनीतिले दिएको सुझाव अनुसार राजश्व क्षेत्रको पहिचान गर्दै कार्यान्वयन गर्ने प्रयास गर्ने गरिएको।

२. सबै वडा र नगरपालिकाबाट राजश्व संकलनका लागि तयार गरिएको SUTRA(Revenue Module) पूर्ण रूपमा कार्यान्वयन लाइएको।

**आ.व. ०८१/०८२ मा गरिएका मुख्य मुख्य असल अभ्यास तथा उदाहरणीय कार्यहरु:-**

१. बार्षिक योजना कार्यान्वयन कार्यतालिका अनुसार कार्य सम्पन्न गर्न सकिएकोले आषाढ महिनामा हुने कार्य चापलाई घटाउन सकिएको।

२. २०८२ चैत मसान्त सम्म बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्न आवश्यक सूचकहरुमा ८०% भन्दा माथि सूचक पुरा गरि सकिएको।

३. आ.ब. २०८०।८१ को राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको मुल्यांकनमा बागलुङ जिल्लामा प्रथम र स्थानीय तह वित्तीय सुशासन जोखिम (FRA) तर्फ जिल्लामा दोस्रो स्थान प्राप्त भएको।

४. लिड विद्यालयलाई संचालन तयार व्यवस्थापन गर्दै अगाडि बढिएको।

५. पालिकामा १७ माविको स्तरीकरण र गुणस्तर परिक्षण गरिएको।

६. छोरीको जन्मलाई प्रोत्साहन गर्न जैमिनीकी छोरी कार्यक्रम संचालन गरिएको।

७. यस वर्ष खरका छाना विस्थापन तर्फ १३ वटा र घरबारविहीनका लागि घर निर्माण तर्फ ५ वटा घर निर्माण गरिएको।

८. विपन्न नागरिक स्वास्थ्य उपचार कोष स्थापना गरी प्रयोगमा ल्याइएको।

९. नगरपालिकाको संगठनात्मक ढाँचा (O&M) सम्पन्न गरिएको।

१०. केरा पकेट अन्तर्गत १५० रोपनी क्षेत्रफलमा ७५०० केरा बोट विस्तार गरिएको।

११. कृषकहरुलाई प्रोत्साहन गर्दै खसी बोका बिक्रीबाट करिब रु.७ करोड, दुधबाट करिब रु.४ करोड, सुन्तला बिक्री गरी बार्षिक करिब रु. ६० लाख बराबर आम्दानी गर्न सकिएको।

१२. किसानहरूका लागि निशुल्क कल सेवा सुरू गरिएको।

१३. CTEVT र सामाजिक विकास मन्त्रालयको समन्वय र साझेदारीमा औपचारिक वा अनौपचारिक ढंगबाट सीप आर्जन गरेका तर प्रमाणीकरण नभएका व्यक्तीहरुलाई पूर्व सिकाई मान्यता विधिबाट सीप परिक्षणको व्यवस्था गरिएको।

१४. रोजगार रणनीति निर्माण गरि लागु गर्ने प्रयास गरिएको।

१५. मेलमिलापका लागि आमा समुहसँग अन्तरसंवाद कार्यक्रमा सम्पन्न गरिएको।

**कार्य सम्पादनको क्रममा आई परेका समस्या तथा चुनौती:-**

१. बाँदर लगायतका वन्यजन्तुको समस्याले कृषि उत्पादन घट्नुका साथै बसाईसराई र बाँझो जमिन बढ्ने क्रम बढेको।

२. संघ र प्रदेशबाट प्राप्त हुने भनिएको बजेट अख्तियारी अनुसार प्राप्त नहुदाँ स्थानीय संचित कोषमा व्यय भार बढेको।

३. समन्वय, अनुगमन, मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापनको कार्यालाई प्रभावकारी बनाउन नसकिएको।

४. विद्यालय एकीकरण तथा बाल विकास केन्द्र समायोजनमा तथा व्यवस्थापन गर्ने कार्य कठिन रहेको।

५. पहाडी भिरालो जमिनमा बनेका सडकहरुको बार्षिक मर्मत सुधारमा खर्च बढ्ने गरेको।

६. अपेक्षाकृत रुपमा पालिकाको आन्तरिक स्रोत वृद्धि हुन नसकेको।

**समस्या समाधानका लागि गरिएका प्रयासहरु:-**

१. नगरपालिका भित्रका कृषि उपजहरूलाई सहज बजारीकरणका लागी कृषि एम्बुलेन्सको व्यवस्था।

२. प्रभावकारी विद्यालय सुपरीवेक्षण टोली गठन, शैक्षिक क्यालेन्डर अनिवार्य कार्यान्वयन।

३. निरन्तर पेशागत तालिम, अनुसन्धान र ICT प्रयोगलाई प्रोत्साहन।

४. राजश्व सुधार रणनीतिले दिएका सझावहरू कार्यान्वयनमा पहल गरिएको।

**अन्य सरकारी तथा गैर सरकारी निकायसंग समन्वयको अवस्था:-**

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीशेरा बागलुङ २०७३

१. जैमिनी र बागलुङ नगरपालिकाको साझेदारीमा कुश्मीसेरा सरङ्गीको (टाकुरी खण्ड) कालोपत्रे गरिएको ।

२. जैमिनी, बागलुङ न.पा. र रेडक्रस सोसाइटी बाग्लुङको समन्वय र साझेदारीमा रक्त संचार केन्द्र बाग्लुङ व्यवस्थापन गर्न सहयोग गरिएको ।

३. नेपाल स्वास्थ्यका लागि पानी(नेवा), BYC बाग्लुङको समन्वयमा सिकाई परियोजना र ग्रामिण स्वासथ्य सुधार परियोजना अन्तर्गत शिक्षा र स्वास्थ्य क्षेत्रका कार्यक्रम संचालन गरिएको ।

<u>सुझाव:-</u>

१. संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वयलाई अझै प्रभावकारी बनाउनुपर्ने ।

२. आन्तरिक आय न्यून भएका पालिकाहरूमा संघ र प्रदेश बाट उपलब्ध हुने अनुदान वृद्धि गरिनुपर्ने ।

३. निर्माण सम्पन्न संरचनाहरूलाई मर्मत सुधार गर्ने कार्यमा विशेष जोड दिनुपर्ने ।

४. सरकारी गैरसरकारी र निजि क्षेत्रको समवाद र सहकार्यलाई बढाउदै लागानिका क्षेत्र पहिचान र कार्यान्वयन ध्यान दिनु पर्ने ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा बाग्लुङ
२०७३

आज मिति २०८२ साल भाद्र महिना १५ गतेका दिन जैमिनी नगरपालिका बागलुङका नगर प्रमुख श्री नरबहादुर पुन ज्यूको अध्यक्षतामा जैमिनी नगरपालिका बाट आ.व. २०८१/८२ मा संचालित एवं योजना कार्यक्रमहरुको समीक्षा गर्न बसेको बैठकको उपस्थिति देहाय बमोजिम रहेको छ।

उपस्थिति

१. श्री नरबहादुर पुन - नगर प्रमुख / अध्यक्षता जैमापा
२. श्री हरिहर शर्मा - नगर उपप्रमुख
३. श्री श्रीकृष्ण पौडेल - प्रमुख प्रशासकिय अधिकृत
४. श्री खेमप्रसाद आचार्य - उपसचिव
५. श्री विष्णुप्रसाद आचार्य - वडाध्यक्ष वडा नं. १
६. श्री प्रेम सापकोटा - " " २
७. श्री कृष्ण बहादुर भुजेल - " " ३
८. श्री चन्द्रबहादुर थापा - " " ४
९. श्री ठगबहादुर थोकी थापा - " " ५
१०. श्री कृष्ण बहादुर थापा - " " ६
११. श्री केन्द्र बहादुर सुनार - " " ७
१२. श्री बिमल श्रीष राना - " " ८
१३. श्री सन्दिप थापा - " " ९
१४. श्री श्रीप्रसाद थापा - " " १०
१५. श्री लाल बहादुर परियार - कार्यपालिका सदस्य
१६. श्री भगवती शर्मा सापकोटा - " "
१७. श्री शान्तकला शर्मा - " "
१८. श्री गिताकुमारी वि.क. - " "
१९. श्री चिन्तामणि दर्जी - " "
२०. श्री दुर्गा देवी पाध्या - " "
२१. श्री शान्ती सुनार - " "
२२. श्री भरत वि. क. - " "

नगरपालिका कार्यालयको तर्फबाट शाखाप्रमुख एवं कर्मचारीहरु जो. प. प. एवं पत्रकारहरु

१. श्री गोविन्द प्रसाद आचार्य - जनस्वास्थ्य अधिकृत
२. श्री प्रेमप्रसाद सापकोटा - प्रशासकिय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीशेरा बागलुङ
२०७३

३. श्री विष्णु प्रसाद शर्मा - प्रमुख प्रशासकीय अधिकृत
४. श्री डा. लक्ष्मी प्रसाद शर्मा - व. कविराज निरिक्षक
५. श्री डा. अच्युत आचार्य - पशु विकास अधिकृत
६. श्री सुवास सापकोटा - कृषि अधिकृत
७. श्री मिरादेवी शर्मा - शिक्षा अधिकृत
८. श्री शिवराज वराल - ईन्जिनियर
९. श्री विनिता शर्मा - न्यायिक सहजकर्ता
१०. श्री आम्विका सापकोटा - लेखा अधिकृत
११. श्री ललिता पुन - स. प्रि. प. अ.
१२. श्री विवेक थापा मगर - सूचना प्रविधि अधिकृत
१३. श्री सुरेखा पुन - रोजगार संयोजक
१४. श्री पृथ्वी वहादुर थापा - व. प्रशासन सहायक जिन्सी शाखा
१५. श्री ताराप्रसाद पौडेल - एम. आई. एस. अपरेटर पंजीकरण शाखा.
१६. श्री देवी वि. क. सुनार - स. वि. नि. सामाजिक विकास शाखा
१७. श्री सीता अर्याल - सामी मिलिय साक्षरता सहजकर्ता
१८. श्री श्यामलाल यापागाई - व. प्रशासन सहायक
१९. श्री मोहनकुमार के. सी. - लेखा पाचौं
२०. श्री मनोज शर्मा - कम्प्युटर अपरेटर
२१. श्री स्रृजन पुलास सापकोटा - सहायक चौथो
२२. श्री विमला पौडेल - नगरवाल मैत्री सहजकर्ता
२३. श्री मन वहादुर राना - उद्यम विकास सहजकर्ता
२४. श्री निकिता वाग्ले - सव ईन्जिनियर
२५. श्री यदुनाथ शर्मा - कार्यालय सहयोगी
२६. श्री कमल आचार्य - " "
२७. श्री लेखनाथ आचार्य - " "
२८. कुमार थापा, - सहारा न्यूज कुश्मीसेन्स.
२९. अनिल खत्री - राष्ट्रिय आवाज, वाग्लुङ.

<u>प्रस्ताव</u>

१. आ. व. २०८१।८२ को वार्षिक समिक्षा सम्बन्धमा।

निर्णय नं. १. जैमिनी नगरपालिकाको आ.व. २०८१।८२ को वार्षिक प्रगति समिक्षा वैठक मिति २०८२।५।१२ गते जैमिनी नगरपालिका-१ नं. वडाको सभाहलमा सम्पन्न गरियो।

नगर प्रमुख नर वहादुर पुनज्यूको अध्यक्षतामा भएको

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

उक्त बैठकमा नगर उपप्रमुख हरिहर शर्मा, प्रमुख प्रशासकिय अधिकृत श्रीकृष्ण पौडेल, वडाध्यक्ष एवं कार्यपालिका सदस्यहरु र नगरपालिका का सबै शाखा प्रमुख तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन प्रशासकिय अधिकृत प्रेम प्रसाद गोपकोटी बाट भएको थियो। नगरपालिकाको समग्र प्रगतिको सारांश योजना शाखावाट प्रस्तुत भई शुरु गरिएको उक्त बैठकमा प्राविधिक शाखा, वन वातावरण तथा विपद व्यवस्थापन शाखा, शिक्षा तथा बाल मैत्री शाखा आर्थिक प्रशासन शाखा, राजस्व शाखा, प्रशासन शाखा, जिन्सी शाखा, कृषि तथा पशु विकास शाखा, सामाजिक विकास शाखा स्वास्थ्य शाखा आयुर्वेद शाखा, पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा रोजगार सेवा केन्द्र, सुरक्षित आप्रवासन कार्यक्रम, न्यायिक समिति लगायतका शाखा प्रमुखहरुबाट आ.व. २०८१।८२ को वार्षिक लक्ष्य, प्रगति उपलब्धी, चुनौती र सुझावहरु समेटी तयार गरी छलफल गरिएको थियो। छलफलको क्रममा उठेका सवाल जिज्ञासा विस्तृत छलफल भई आगामी कार्यक्रम कार्यान्वयनमा लागु गर्दै जाने प्रतिबद्धता व्यक्त भयो।

कार्यक्रमको अन्तमा प्रमुख प्रशासकिय अधिकृतबाट वार्षिक प्रगति समिक्षाले उठाएका विषय वस्तुलाई क्रमश कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त भयो साथै नगर प्रमुख नर बहादुर पुनले उपस्थित सहभागीहरुलाई धन्यवाद दिँदै समिक्षाले आगामी दिनको योजना निर्माणमा महत्वपूर्ण सिकाई भएको र प्राप्त सुझाव कार्यान्वयनमा पहल गर्न सरोकारवाला सबै पक्षहरुलाई अनुरोध गर्दै बैठकको समापन गर्नु भयो।


नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा बागलुङ
२०७५

जैमिनी नगरपालिकाको आर्थीक वर्ष २०८१।०८२ को वार्षिक प्रगती समिक्षा बैठक मिति २०८२।०५।१२ गते जैमिनी नगरपालिका वडा नं. १ को सभाहलमा सम्पन्न गरियो ।


नगर प्रमुख नर बहादुर पुनको अध्यक्षतामा सम्पन्न भएको उक्त बैठकमा नगर उप-प्रमुख हरिहर शर्मा, प्रमुख प्रशासकिय अधिकृत श्रीकृष्ण पौडेल, वडा अध्यक्ष एंव कार्यपालिका सदस्यहरु र नगरपालिकाका सबै शाखा प्रमुख तथा अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन तथा सहजिकरण नगरपालिकाका प्रशासकिय अधिकृत प्रेम प्रसाद सापकोटाबाट भएको थियो । नगरपालिकाको समग्र प्रगतीको साराशं योजना शाखा प्रमुखबाट प्रस्तुत भई शुरु गरिएको उक्त बैठकमा प्राविधीक शाखा, वन वातावरण तथा विपद व्यवस्थापन शाखा, शिक्षा तथा बालमैत्री शाखा, आर्थिक प्रशासन शाखा, राजश्व शाखा, प्रशासन शाखा, जिन्सी शाखा, कृषि तथा पशु विकास शाखा, सामाजिक विकास शाखा, स्वास्थ्य शाखा, आयुर्वेद शाखा, पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा, रोजगार सेवा केन्द्र तथा सुरक्षित आप्रवाशन कार्यक्रम, न्यायिक समिति लगायतका शाखा प्रमुखहरुबाट आ.व. २०८१।०८२ को वार्षिक लक्ष्य र प्रगती, प्रमुख उपलब्धी, चुनौती र सुझावहरु समेटी तयार गरिएको प्रतिवेदन प्रस्तुत भई छलफल गरिएको थियो । छलफलको क्रममा उठेका जिज्ञासा, सवाल र सुझावहरु माथी विस्तृत छलफल भई आगामी कार्यक्रम कार्यान्वयनमा लागु गर्दै जाने निश्कर्ष निकालियो ।

कार्यक्रमको अन्त्यमा प्रमुख प्रशासकिय अधिकृतबाट वार्षिक प्रगती समिक्षाले उठाएका विषयवस्तुलाई क्रमशः कार्यान्वयनमा लैजाने प्रतिवद्धा व्यक्त गर्नुभयो भने नगर प्रमुख नर बहादुर पुनले उपस्थित सहभागीहरुलाई धन्यवाद दिँदै समिक्षाले आगामी दिनको योजना निर्माणमा महत्वपूर्ण सिकाई भएको र प्राप्त सुझाव कार्यान्वयनमा पहल गर्न सरोकारवाला सबै पक्षहरुलाई अनुरोध गर्दै बैठकको समापन गर्नुभयो ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कुश्मीशेरा बागलुङ २०७३











जैमिनी नगरपालिका
नगर कार्यपालिकाको
कुश्मीसेरा

# जैमिनी नगरपालिकाको वार्षिक प्रगती समिक्षा बैठक सम्पन्न

साझा जनआवाज  सोमबार, भदौ १६ २०८२



## ताजा अपडेट

थप ↗

१ जैमिनी नगरपालिकाको वार्षिक प्रगती समिक्षा बैठक सम्पन्न

२ लगातार बढ्यो सुन, आज २ लाख ५ हजार ३ सय

३ थापा बने रूपन्देही–३ बाट रास्वपाको उम्मेदवार,